स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सू.नं. :

## सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना। ।

(मितिः २०८१/०३/२८)

यस हेलम्बु गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सम्पत्ति विवरण वार्षिक रुपमा पेश गर्नुपर्ने व्यवस्था यहाँहरुलाई सर्वविदितै छ।

तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो र आफ्नो परिवारमा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अध्यावधिक विवरण बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, हेटौडा बुझाउन लैजानु पर्ने व्यवस्था अनुरुप गाउँपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु र कार्यरत कर्मचारीहरुले यथासिघ्र अनिवार्य रुपमा आफ्नो सम्पत्ति विवरण फारम भरी गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

(*पुनश्चः* सम्पत्ति विवरण फारम गाउँपालिकाको प्रशासन शाखामा उपलब्ध हुनेछ साथै यस गाउँपालिकाको वेबसाइट *https://helambumun.gov.np/sample-*forms बाट पनि डाउनलोड गर्न सकिनेछ। )

**खामको बाहिर लेख्नुपर्ने विवरणको ढाँचाः (निर्वाचित जनप्रतिनिधिहरुको हकमा)**

| | | |
|---|---|---|
| क. निर्वाचित प्रतिनिधिको नाम, थरः ........................... | घ. मोबाइल नं.: ...................... | बुझाउने स्थानः |
| ख. पदः ...................... | ङ. इमेल ठेगानाः ................ | श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा |
| ग. कार्यरत कार्यालयः .............. | च. अन्यः........................ | |

**खामको बाहिर लेख्नुपर्ने विवरणको ढाँचाः (कर्मचारीहरुको हकमा)**

| | | |
|---|---|---|
| क. कर्मचारीको संकेत नं.:..................... | ङ. श्रेणी/तहः....................... | बुझाउने स्थानः |
| ख. कर्मचारीको नाम, थरः....................... | च. मोबाइल नं.: ..................... | श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा |
| ग. पदः ...................... | छ. इमेल ठेगानाः ................ | |
| घ. कार्यरत कार्यालयः .............. | | |

२०८१/०३/२८

(रामशरण मरहट्टा)

अधिकृत सातौं

E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np